# प्रदेश लोक सेवा आयोग
## कर्णाली प्रदेश

इमेल: info.ppsc@karnali.gov.np
ppsckarnali@gmail.com
वीरेन्द्रनगर, सुर्खेत

सूचना नं.:-१७९।२०८०।०८१

मिति: २०८०।१२।०५

## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस आयोगबाट मिति २०७९।०६।२५ मा प्रकाशित अधिकृत सातौं वा सो सरह पदको विज्ञापनका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा परेको रिट नम्बर ०७९-WO-०४७९ उपर मिति २०७९।११।१४ मा जारी आदेशमा निवेदकहरुमध्ये योग्यता पुगेका केही व्यक्तिहरुको दरखास्त परेको भन्ने समेत भएबाट अन्तरीम व्यवस्थाले सृजना गरेको द्विविधाको कारण निवेदकहरुमध्ये दरखास्त दिन नपाएका न्यूनतम योग्यता पुगेका व्यक्तिहरुलाई दरखास्त दिने अवसर दिनु भनी आदेश भएकोले सो आदेश कार्यान्वयन गर्ने सिलसिलामा १४ (चौध) जना निवेदकहरुमध्ये ११ (एघार) जना निवेदकहरुको दरखास्त पेश भएकोले देहाय बमोजिमका न्यूनतम योग्यता पुगेका ३ (तीन) जना निवेदकको हकमा ७ (सात) दिन भित्र (मिति २०८०।१२।०६ देखि २०८०।१२।१२ सम्म) आयोगको अनलाईन दरखास्त प्रणालीबाट दरखास्त फाराम भर्न समयावधि दिने गरी आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

१. चुके कामीको छोरा, जिल्ला जाजरकोट, छेडागाड नगरपालिका वडा नं.१३ घर भई जुनीचाँदे गाउँपालिका जाजरकोट अन्तर्गत शिक्षा सेवा, प्रशासन समूह अधिकृतस्तर छैटौं तहमा कार्यरत पदमबहादुर वि.क.

२. इन्द्रबहादुर कार्कीको छोरा, जिल्ला दैलेख, चामुण्डा विन्द्राशैनी नगरपालिका वडा नं. ५ घर भई डोल्पो बुद्ध गाउँपालिका डोल्पामा शिक्षा सेवा, प्रशासन समूह अधिकृतस्तर छैटौं तहमा कार्यरत उमेशजंग कार्की

३. जिल्ला कालिकोट, छाप्रे गा.वि.स.को तिला गुफा नगरपालिका वडा नं.७ घर भई कर्णाली प्रदेशको स्थानीय तहमा अधिकृत छैटौं तहमा कार्यरत लिलाराज बम

मिति:२०८०।१२।०५

..................
(चन्द्रवीर शाही)
शाखा अधिकृत